# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडावाज, दैलेख, कर्णाली प्रदेश,नेपाल
(सूचना प्रविधि शाखा)


प.सं.२०७८/०७९
च.नं. ४६४

मितिः२०७८।०९।१४

श्री १ देखि ६ सम्मका सम्पूर्ण वडाकार्याहरु सबै
महाबु गाउँपालिका, दैलेख।

**विषयः सूचना प्रचार प्रसाण गरिदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय दैलेखको च.नं. २१७१ मिति २०७८।०९।१३ गतेको प्रकाशित सूचना यसैमा संलग्न राखि पठाईएको छ उक्त सूचनालाई तहाँकार्यालयको सूचना पाटिमा सूचना टाँस गरि प्रचार प्रसार गरिदिन हुन अनुरोध छ।

भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क
फोन नं.: ०८९-४१०००८
इमेल: daodailekh@gmail.com
daodailekh@moha.gov.np
वेभसाइट:daodailekh.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## दैलेख

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

पत्र संख्या:-०७८/७९
च.नं.: २१६१

मिति: २०७८/९/१३

## सूचना!  सूचना!!  सूचना!!!

## जलचर र जल पर्यावरण संरक्षण सम्बन्धी सूचना

जलचर संरक्षण ऐन, २०१७ को दफा ३ मा कुनै पनि व्यक्तिले कुनै जलमा रहेका जलचरलाई (निजी जलको प्रयोजन बाहेक) समात्ने वा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार(करेन्ट) वा विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न प्रतिबन्ध गरेको छ। तथापी यस जिल्लास्थित विभिन्न नदी, खोला तथा नालाहरुमा करेन्ट लगाएर, गोला पड्काएर एवं विषाधिको प्रयोग गरेर माछा मार्ने कार्य भैरहेको र सोका कारण जलचरहरुको बासस्थान र पर्यावरणमा समेत नकारात्मक असर परेको बुझिन आएको हुँदा यस्ता कार्य नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। यसको बर्खिलाप हुनेगरी जिल्लास्थित कुनैपनि नदीनाला/खोला/जलाशयहरूमा जलचर र जल पर्यावरणमा प्रतिकूल असर पर्ने क्रियाकलापहरू भए/गरेको पाइएमा त्यस्ता कार्यमा संलग्न हुने जुनसुकै व्यक्तिहरुलाई छ महिनासम्म कैद वा पाँच हजार रूपैया जरिवाना वा दुवै सजाय हुने व्यहोरा समेत सूचित गरिन्छ।

.............................
गणेशप्रसाद कोइराला
प्रशासकीय अधिकृत